जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १४९ पृष्ठः ४ | २०८३ असोज १८ आइतबार (Sunday 04 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहा क्षेत्र–४ मा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य सर्वसम्मत चयन





सिरहा, १७ असोज। नेपाली कांग्रेसको १५औं महाधिवेशनका लागि सिरहा क्षेत्र-४ बाट महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य चयन प्रक्रिया सर्वसम्मत रूपमा टुंग्याइएको छ। क्षेत्रीय सभापति धनेश्वर यादव क्षेत्रीय सभापतिमा सर्वसम्मत निर्वाचित भएपछि क्षेत्रका विभिन्न पद तथा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य चयनका लागि सर्वसम्मतिको आह्वान गरेका थिए।

सर्वसम्मतिका लागि आह्वान गरिएपछि विभिन्न पदमा गरी ८० जनाको नाम प्रस्ताव भएको थियो। तर, सबै पदमा सर्वसम्मति हुन नसकेपछि निर्वाचन समितिले राती ८ बजेदेखि ९ बजेसम्म उम्मेदवारी दर्ताका लागि समय तोकेको थियो। सो क्रममा विभिन्न पदमा ४१ जनाले उम्मेदवारी दर्ता गराएका थिए।

उम्मेदवारहरूबीच नै सर्वसम्मतिबाट नेतृत्व चयन गर्नुपर्ने धारणा आएपछि उम्मेदवारी दिएका सबैले आफ्नो उम्मेदवारी फिर्ता लिएका थिए। त्यसपछि महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यका लागि ३९ जनाको नाम प्रस्ताव गरिएको क्षेत्रीय सभापति यादवले बताए। प्रस्तावित नाममध्ये निर्वाचन समितिले आवश्यक प्रक्रिया पूरा गरी ३५ जनाको नाम सर्वसम्मत रूपमा सार्वजनिक गरेको यादवले जानकारी दिए।

यादवले चयन प्रक्रियामा कुनै पनि प्रकारको पक्षपात नभएको दाबी गरे। व्यक्तिगत वा पारिवारिक व्यक्तिलाई समेत समेट्नुपर्ने अपेक्षा राख्ने केही व्यक्तिले मात्र पक्षपातको आरोप लगाएको उनको भनाइ छ। उनले सिरहा क्षेत्र-४ को अधिवेशन निष्पक्ष र भेदभावरहित ढंगले

–बाँकी तीन पेजमा

## ठक्करबाट एकको मृत्यु



सिरहा, १७ असोज। सिरहाको कर्जन्हामा यात्रुवाहक विद्युतिय गाडीलाई विपरित दिशाबाट आईरहेको टिफर ठक्करदिंदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा थप पाँच जना घाइते भएका छन्। घाइतेमध्ये दुई जनाको अवस्था गम्भिर रहेको छ। पूर्वपश्चिम महेन्द्र राजमार्ग अन्तर्गत कर्जन्हा नगरपालिका ४ भुल्केमा पूर्वबाट पश्चिमतर्फ गईरहेको म.प्र.०१-००१ ज. ०१२४ नम्बरको विद्युतिय(इभी) गाडीलाई विपरित दिशाबाट आईरहेको म.प्र.०३-००२ ख.३९९६ टिफरले ठक्कर दिंदा विद्युतिय काडीमा सवार यात्रिको मृत्यु भएको हो।

दुर्घटनामा गम्भिर घाइते गोलबजार नगरपालिका ४ का महेन्द्र यादवको करिव ४५ वर्षिया श्रीमती शोभा कुमारी यादवको मृत्यु उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। दुर्घटनामा परी टाउको, अनुहारमा चोट लागेर अवस्था गम्भिर अवस्थामा रहेका उनको कर्जन्हास्थित फूलकुमारी महतो मेमोरीयल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका

–बाँकी तीन पेजमा

## सिरहाको औरहीबाट एक क्वीन्टल बढी गाजासहित तीन जना पक्राउ



लहान, १७ असोज। सिरहाको दक्षिणी सीमावर्ती औरहीबाट सशस्त्र प्रहरी बलको गस्ती टोलीले एक क्वीन्टल भन्दा बढी प्रतिबन्धित गाजा बरामद गरेको छ। विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नं.७ गण हेडक्वाटरबाट सशस्त्र प्रहरी नायब निरीक्षकको कमान्डमा खटिएको टोलीले शनिबार बिहान सिरहाको औरही गाउँपालिका १ दरहैयाबाट ११०.७६० किलोग्राम गाजासहित तीन जनालाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

उनका अनुसार पक्राउ पर्नेमा औरही २ का करिब ४३ वर्षका मिश्रीलाल सदाय, वर्ष ३१ का मनिकलाल सदाय र धनगढीमाइ

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## गाँजा बरामदगीले उठाएको प्रश्न

सिरहाको सुखीपुर नगरपालिका–१० विश्वकर्माचोकस्थित गागन खोला पुलबाट ११ क्विन्टलभन्दा बढी गाँजा बरामद हुनु सामान्य आपराधिक घटनामात्र होइन, जिल्लामा लागूऔषध ओसारपसारको सम्भावित सञ्जाल कति सक्रिय हुन सक्छ भन्ने गम्भीर संकेत पनि हो। विशेष सूचनाका आधारमा परिचालित सशस्त्र प्रहरी टोलीले ठूलो परिमाणमा गाँजासहित बोलेरो जिप र मोटरसाइकल बरामद गर्नु सुरक्षा निकायको सूचना संकलन तथा तत्काल परिचालनको पक्षबाट महत्वपूर्ण घटना हो। तर बरामदगीपछि पनि यसको मूल प्रश्न बाँकी रहन्छ, यति ठूलो परिमाणको लागूऔषध कहाँबाट आयो, कहाँ लैजान लागिएको थियो र यसको पछाडि को–को संलग्न छन्?

सशस्त्र प्रहरीका अनुसार विशेष सूचनाका आधारमा सुखीपुर, गोलबजार, बरियारपट्टी र गण मुख्यालयबाट टोली परिचालन गरिएको थियो। चेकजाँचका क्रममा सुरक्षा टोली देखेपछि गाँजा ओसारपसारमा संलग्न व्यक्ति गाडी र मोटरसाइकल छाडेर फरार भएको बताइएको छ। बोलेरोभित्र २६ वटा बोरामा प्याक गरिएको ११ क्विन्टल २ किलो ६५५ ग्राम गाँजा भेटिएको विवरण सार्वजनिक भएको छ। यति ठूलो परिमाणको लागूऔषध कुनै आकस्मिक वा व्यक्तिगत प्रयोगका लागि ओसारपसार भइरहेको थियो भनेर बुझ्न सकिँदैन। यसले व्यवस्थित ओसारपसारको सम्भावनातर्फ अनुसन्धानलाई केन्द्रित गर्नुपर्ने देखाउँछ।

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सूचना प्रणालीको प्रभावकारिता हो। सुरक्षा निकायले 'गाँजा आउँदै छ' भन्ने पूर्वसूचना पाएपछि टोली परिचालन गरेको र त्यसैको आधारमा बरामदगी भएको बताइएको छ। यसले अपराध नियन्त्रणमा सूचना संकलन, विश्लेषण र तत्काल परिचालन कति महत्वपूर्ण हुन्छ भन्ने देखाउँछ। नियमित चेकजाँच मात्रले यस्ता सञ्जाल नियन्त्रण गर्न कठिन हुन्छ। अपराधीको गतिविधि, मार्ग, सवारीसाधन र सम्भावित गन्तव्यबारे विश्वसनीय सूचना संकलन गर्ने क्षमता बलियो बनाउनुपर्छ।

तर गाँजा बरामद गरेर मात्र लागूऔषध नियन्त्रणको दायित्व पूरा हुँदैन। बरामद भएको गाँजा र सवारीसाधन जिल्ला प्रहरी कार्यालयमा बुझाएर अनुसन्धान अघि बढाउने प्रक्रिया स्वाभाविक हो। अबको मुख्य जिम्मेवारी भनेको फरार भएका व्यक्तिको पहिचान र खोजी गर्नु, बरामद सवारीसाधनको स्वामित्व तथा प्रयोगकर्ताबारे अनुसन्धान गर्नु र यस घटनासँग जोडिएका अन्य व्यक्तिको भूमिकासमेत पत्ता लगाउनु हो। पक्राउ पर्ने व्यक्तिको बयान र उपलब्ध प्रमाणका आधारमा अनुसन्धानलाई माथिल्लो तहसम्म पुर्‍याउन आवश्यक छ।

लागूऔषधको कारोबार एउटा स्थानमा हुने र अर्को स्थानमा मात्र असर देखिने अपराध होइन। यसको प्रभाव युवा पुस्ताको स्वास्थ्य, परिवारको आर्थिक अवस्था, सामाजिक सुरक्षा र सार्वजनिक शान्तिसम्म पुग्छ। त्यसैले लागूऔषध नियन्त्रणलाई केवल सुरक्षाकर्मीको जिम्मेवारीका रूपमा बुझ्नु गलत हुन्छ। स्थानीय तह, विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, समुदाय र सुरक्षा निकायबीच समन्वय आवश्यक हुन्छ।

सिरहा भौगोलिक रूपमा सीमावर्ती जिल्ला भएकाले आवतजावतका विभिन्न मार्गमा निगरानी र सुरक्षा व्यवस्थापनको विशेष महत्व हुन्छ। खुला सीमा र सहज आवागमनको दुरुपयोग गरेर अवैध वस्तुको ओसारपसार हुन सक्ने भएकाले जोखिमयुक्त स्थानको पहिचान गरी निगरानी बढाउनुपर्छ। तर सुरक्षा निगरानीको नाममा सर्वसाधारणको नियमित आवागमनमा अनावश्यक कठिनाइ सिर्जना गर्नु हुँदैन। जोखिममा आधारित, सूचना केन्द्रित र कानुनसम्मत सुरक्षा प्रणाली आवश्यक छ।

समुदायको भूमिका पनि कम महत्वपूर्ण छैन। शंकास्पद गतिविधिबारे सुरक्षा निकायलाई समयमै सूचना दिने वातावरण बनाउनुपर्छ। तर नागरिकले आफैं जोखिम लिएर अपराधीको सामना गर्ने होइन, सुरक्षित र गोप्य रूपमा सम्बन्धित निकायलाई जानकारी दिने व्यवस्था प्रभावकारी बनाउनुपर्छ। सुरक्षा निकायले प्राप्त सूचनाको गोपनीयता र विश्वसनीयता कायम गर्न सके नागरिक सहभागिता बढ्न सक्छ। गाँजासहित सवारीसाधन बरामद भएको पछिल्लो घटनाले सिरहामा लागूऔषध नियन्त्रणका लागि निरन्तर सतर्कताको आवश्यकता पुनः देखाएको छ। अब यो घटनालाई एउटा सफल बरामदगीको रूपमा मात्र अभिलेख गरेर टुंग्याउनु हुँदैन। यसको पछाडिको सञ्जालसम्म अनुसन्धान पुग्नुपर्छ।

ठूलो परिमाणको लागूऔषध सडकमा समातिनु सुरक्षा निकायको उपलब्धि हो, तर त्यसभन्दा ठूलो उपलब्धि त्यो लागूऔषधको स्रोत, गन्तव्य र सञ्जाल पहिचान गरेर भविष्यमा त्यस्ता कारोबार रोक्नु हुनेछ। सिरहामा सुरक्षा निकायको सूचना प्रणाली, अन्तरनिकाय समन्वय र समुदायको सहभागितालाई अझ बलियो बनाउँदै लागूऔषध नियन्त्रणलाई निरन्तर अभियानका रूपमा अघि बढाउन आवश्यक छ। बरामद भएको गाँजाको मात्रा ठूलो छ्न्न अब अनुसन्धानको दायरा पनि त्यत्तिकै ठूलो हुनुपर्छ।

# कार्यकर्ताको सम्मान र पार्टीभित्रको लोकतन्त्र



**नैनसिंह महर**

राजनीतिक दलको इतिहासमा केही नाम ठूला अक्षरमा लेखिन्छन्। तर त्यो इतिहास टिकाउने असंख्य मानिसको नाम कतै लेखिएको हुँदैन। उनीहरूले बैठकका लागि आफ्नो घर खोलेका हुन्छन्, अप्ठ्यारो समयमा साथीको परिवार सम्हालेका हुन्छन्, निर्वाचनको पराजयपछि पनि गाउँमा पार्टीको पक्षमा उभिएका हुन्छन्। नेतृत्वको अनुपस्थितिमा संगठनको उपस्थिति जोगाउने तिनै मानिस हुन्। राजनीतिक दलको नैतिक जग उनीहरूको विश्वास र निरन्तरतामा अडिएको हुन्छ।

त्यस्तो कार्यकर्ता आफ्नै पार्टीको कार्यालयमा पुग्दा कसरी सम्बोधित हुन्छ? उसको कुरा कसले सुन्छ? निर्णयमा उसको अनुभवको कति मूल्य हुन्छ? फरक धारणा राखेपछि पनि उसले उही सम्मान र अवसर पाउँछ कि पाउँदैन? राजनीतिक दलको आन्तरिक लोकतन्त्रको वास्तविक अवस्था यिनै सामान्य प्रश्नको उत्तरमा भेटिन्छ।

नेपाली कांग्रेसको १५औँ महाधिवेशनले यो विषयलाई आफ्नो बहसको केन्द्रमा राख्नुपर्छ। कांग्रेसको भविष्य संगठनको आकारसँगै त्यस संगठनभित्र मानिसले अनुभव गर्ने मर्यादामा निर्भर छ। कार्यकर्ताले पार्टी आफ्नो पनि हो भन्ने अनुभूति गर्न सके मात्र संगठनमा अपनत्व रहन्छ। नाम सदस्यता अभिलेखमा हुने तर आवाज निर्णयसम्म नपुग्ने अवस्था लम्बियो भने सक्रियताको आवरणभित्र उदासीनता जन्म थाल्छ।

कार्यकर्ताको सम्मान उसले नेताबाट पाउने आत्मीयतासँगै संस्थाभित्र पाउने अधिकारमा सुरक्षित हुनुपर्छ। नेतृत्वको आत्मीय व्यवहारको आफ्नै महत्व छ। दुःखमा सम्झनु, बिरामी हुँदा सोधखोज गर्नु र वर्षौंको योगदान चिन्नु राजनीतिक सम्बन्धका मानवीय पक्ष हुन्। यस्ता सम्बन्धले संगठनलाई जीवन्त बनाउँछन्। तर कार्यकर्ताको सम्पूर्ण राजनीतिक भविष्य व्यक्तिगत सम्बन्धमा निर्भर रहयो भने सम्मान अस्थिर हुन्छ। नेता फेरिँदा अवसर फेरिने, समूह बदलिँदा योगदानको मूल्य घट्ने र प्रश्न उठाउँदा निकटता समाप्त हुने अवस्थाबाट संस्थागत सुरक्षा चाहिन्छ।

यहीँ सम्मान र आन्तरिक लोकतन्त्र एकअर्कासँग जोडिन्छन्। कार्यकर्ताले सदस्यता पाउने स्पष्ट प्रक्रिया, अधिवेशनमा भाग लिने निष्पक्ष अवसर, निर्णयबारे जानकारी र अन्याय भएको अनुभूति हुँदा सुनुवाइ खोज्ने भरपर्दो बाटो पाउनुपर्छ। यी व्यवस्था व्यक्तिगत सदाशयताबाट प्राप्त हुने सुविधा ठानिनु हुँदैन। लोकतान्त्रिक संस्थाको सदस्य हुनुको अर्थ यस्ता अधिकारको प्रयोग गर्न पाउनु हो।

कांग्रेसजस्तो लामो राजनीतिक यात्राबाट आएको दलमा योगदानका स्वरूप अनेक छन्। कसैले प्रतिकूल समयमा संगठन जोगाएको छ। कसैले बौद्धिक श्रम दिएको छ। कसैले सामाजिक सेवाबाट विश्वास कमाएको छ। कसैले सार्वजनिक पदमा बसेर राम्रो काम गरेको छ। योगदानको मूल्यांकन गर्दा पदमा पुगेकाको अभिलेख देखिने र चुपचाप काम गर्नेको श्रम हराउने अवस्था आउन सक्छ। संस्थाले आफ्नो स्मृति फराकिलो बनाउनुपर्छ। इतिहासमा स्थान पाउन पहुँच आवश्यक पर्ने संस्कारले निष्ठाको मूल्य घटाउँछ।

तथापि योगदानको सम्मान र भविष्यको जिम्मेवारी एउटै निर्णय होइनन्। लामो सेवा आदरको आधार हो। नयाँ जिम्मेवारी दिँदा त्यससँग सम्बन्धित क्षमता, कामको तयारी, सार्वजनिक विश्वसनीयता र उत्तरदायित्व पनि हेर्नुपर्छ। वर्षौंको योगदानलाई बिर्सनु अन्याय हुन्छ। योगदानकै आधारमा अनिश्चितकालसम्म पदको अधिकार स्थापित गर्नुले नयाँ अवसरको ढोका साँघुरो बनाउँछ। परिपक्व संस्थाले अनुभवको सम्मान र जिम्मेवारीको आवधिक नवीकरणबिच न्यायपूर्ण सम्बन्ध बनाउँछ।

त्यसका लागि योगदानको अभिलेख राख्ने, प्रशिक्षणमा अवसर दिने, अनुभव हस्तान्तरण गर्ने र जिम्मेवारीका स्पष्ट मापदण्ड बनाउने अभ्यास उपयोगी हुन्छ। अग्रजलाई सम्झने ठाउँ सम्मान समारोहमा सीमित हुनु आवश्यक छैन। उनीहरूको अनुभव संगठनको अध्ययन, विवाद समाधान र नयाँ नेतृत्वको मार्गदर्शनमा उपयोग हुन सक्छ। नयाँ पुस्ताको प्रवेश पनि पुरानो पुस्ताको अपमानमा आधारित हुनु पर्दैन। जिम्मेवारी बाँड्ने निष्पक्ष प्रक्रियाले पुस्ताबिचको आशंकालाई सहकार्यमा बदल्न सक्छ।

आन्तरिक लोकतन्त्रबारे चर्चा गर्दा निर्वाचनलाई स्वाभाविक रूपमा महत्व दिइन्छ। नेतृत्व चयनको निष्पक्ष निर्वाचन अनिवार्य छ। तर दुई अधिवेशनबिच सदस्यको भूमिका के रहन्छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ। चुनावको दिन मत दिने अधिकार भएको कार्यकर्ताले त्यसपछि वर्षौंसम्म निर्णयबारे जानकारी नपाउने अवस्था लोकतान्त्रिक सहभागिताको अपूरो रूप हो।

बैठकको कार्यसूची कसरी तय हुन्छ, सुझाव कसरी संकलन गरिन्छ, निर्णयको कारण कसरी खुलाइन्छ र कार्यान्वयनको समीक्षा कहाँ हुन्छ भन्ने विषयले दैनिक लोकतन्त्र निर्माण गर्छन्। सदस्यले आफ्नो प्रस्ताव स्वीकृत नभए पनि त्यसको सुनुवाइ भएको र उत्तर पाएको अनुभव गर्न सक्छ। सबै मत स्वीकार गर्न सम्भव हुँदैन। हरेक मतलाई मर्यादापूर्वक व्यवहार गर्न भने सम्भव हुन्छ।

लोकतान्त्रिक संगठनमा पराजित मतको पनि सम्मान बाँकी रहन्छ। महाधिवेशनमा प्रतिस्पर्धा हुन्छ। कसैले जित्छ, कसैले हार्छ। निर्वाचित नेतृत्वले निर्णय गर्ने वैध अधिकार प्राप्त गर्छ। त्यससँगै उसले समर्थन नगरेका सदस्यको पनि नेतृत्व गर्नुपर्ने जिम्मेवारी ग्रहण गर्छ। जितेको समूहका साथीलाई अवसर दिने र फरक पक्षका मानिसलाई क्रमशः बाहिर पार्ने अभ्यासले निर्वाचनलाई साझा संस्थाको नवीकरणबाट समूहगत नियन्त्रणको प्रक्रियातिर लैजान सक्छ।

निर्वाचन सकिएपछि मतभेद समाप्त हुन्छन् भन्ने अपेक्षा अव्यावहारिक हो। लोकतान्त्रिक एकताको आधार सबैले एउटै विचार राख्नुमा हुँदैन। फरक मतका बाबजुद साझा नियम मान्न सक्नुमा हुन्छ। बहुमतले निर्णय गर्न पाउनुपर्छ। अल्पमतले आफ्नो धारणा राख्न, अभिलेखित गर्न र वैधानिक प्रक्रियाबाट पुनर्विचार माग्न पाउनुपर्छ। नेतृत्वको जिम्मेवारी यी दुई अधिकारबिच सन्तुलन कायम गर्नु हो।

यस सन्तुलनका लागि अनुशासनको अर्थ पनि स्पष्ट हुनुपर्छ। दलले सामूहिक निर्णय कार्यान्वयन गर्न अनुशासन खोज्छ। संगठन सञ्चालनमा त्यसको आवश्यकता छ। तर नेतृत्वप्रतिको असहमति र संस्थाविरुद्धको आचरण एउटै ठानियो भने अनुशासनको प्रयोग असुविधाजनक आवाज रोक्न हुन सक्छ। कुन व्यवहार अनुशासनको विषय हो, जाँच कसले गर्छ र सम्बन्धित व्यक्तिले आफ्नो पक्ष कहाँ राख्छ भन्ने पूर्वनिर्धारित हुनुपर्छ।

त्यसैगरी, आलोचना गर्ने अधिकारले तथ्यहीन आरोप, व्यक्तिगत अपमान वा सहकर्मीको चरित्रहत्या गर्ने छुट दिँदैन। आन्तरिक लोकतन्त्रमा बोल्ने अधिकारसँग सत्य र मर्यादाप्रतिको जिम्मेवारी जोडिएको हुन्छ। आलोचना सुन्ने नेतृत्व र जिम्मेवार आलोचना गर्ने सदस्य दुवै आवश्यक छन्। नियम व्यक्तिको निकटता हेरेर लागू हुन थाल्यो भने अनुशासनमाथिको विश्वास कमजोर हुन्छ।

गुटको प्रश्नलाई पनि यथार्थवादी ढंगले बुझ्नुपर्छ। ठूलो दलमा विचार, अनुभव, क्षेत्रीय सम्बन्ध र नेतृत्वप्रतिको विश्वासका आधारमा समूह बन्न सक्छन्। मतभेदको उपस्थितिलाई नै रोग मान्नु लोकतान्त्रिक विविधतालाई नबुझ्नु हो। समस्या त्यतिबेला गहिरिन्छ, जब समूहले सदस्यको स्वतन्त्र विवेक नियन्त्रण गर्छ र अवसर प्राप्त गर्ने अनिवार्य ढोका बन्छ।

कुनै कार्यकर्ताले आफूले योग्य ठानेको व्यक्तिलाई समर्थन गर्दा अर्को समूहमा गएको आरोप सहनुपर्छ भने स्वतन्त्र निर्णयको ठाउँ साँघुरिन्छ। विषयअनुसार फरक धारणा राख्न नपाउने अवस्था आयो भने नीति बहस कमजोर हुन्छ। संस्था सक्षम हुँदा सदस्यले विचारका आधारमा सहकार्य गर्न सक्छ। संस्था कमजोर हुँदा व्यक्तिगत संरक्षण खोज्न बाध्य हुन्छ। गुटबन्दीको सुधार त्यसैले नैतिक उपदेशसँगै निष्पक्ष प्रक्रियाको निर्माणबाट हुनुपर्छ। यसको सबैभन्दा संवेदनशील क्षेत्र सदस्यता हो। सदस्यताले संगठनमा प्रवेश र प्रतिनिधित्वको आधार दिन्छ। त्यस प्रक्रियामा ढिलाइ, अस्पष्टता वा छनोटपूर्ण व्यवहार भयो भने त्यसको असर अधिवेशनको विश्वसनीयतासम्म पुग्छ। सदस्यता वितरण र नवीकरणका मापदण्ड स्पष्ट, समयबद्ध र सबैलाई समान रूपमा लागू हुने हुनुपर्छ। विवाद उठ्दा सम्बन्धित पक्षले प्रमाण प्रस्तुत गर्न र निर्णयको कारण थाहा पाउन सक्नुपर्छ।

पार्टीलाई नयाँ मानिसका लागि खुला राख्ने जिम्मेवारी पनि यहीँ छ। वर्षौं योगदान गरेका कार्यकर्ताको चिन्ता जायज हुन सक्छ–नयाँ प्रवेश गर्ने व्यक्तिले पुरानो श्रमको मूल्य नबुझी अवसर पाउने हो कि भन्ने। अर्कोतिर, नयाँ सदस्यले आफ्नो क्षमता र प्रतिबद्धता देखाउन सधैँ कसैको संरक्षण खोज्नुपर्ने अवस्था पनि उचित हुँदैन। पुरानो योगदानको उचित मूल्यांकन र नयाँ क्षमताको निष्पक्ष परीक्षण गर्ने संस्थागत बाटो चाहिन्छ।

प्रतिनिधित्वमा देखिने समानता र सहभागितामा अनुभव हुने समानता पनि फरक हुन सक्छन्। बैठकमा उपस्थित महिला सदस्यले बोल्ने वातावरण पाएकी छन् कि छैनन्? आर्थिक रूपमा कमजोर कार्यकर्ताले निरन्तर यात्रा र संगठनात्मक खर्च धान्न सक्छन् कि सक्दैनन्? अपाङ्गता भएका सदस्यका लागि कार्यक्रमस्थल पहुँचयोग्य छ कि छैन? भाषा वा औपचारिक शिक्षाको सीमितताले स्थानीय ज्ञान भएको व्यक्तिको आवाज कमजोर बनाएको छ कि छैन?

यी प्रश्नलाई अतिरिक्त सुविधा मागिएको अर्थमा बुझ्न मिल्दैन। सहभागिताको वास्तविक लागत फरक हुन्छ। त्यो भिन्नता नहेरी सबैका लागि ढोका खुला छ भन्नु पर्याप्त हुँदैन। बैठकको समय, सूचना दिने तरिका, प्रशिक्षणको पहुँच र बोल्ने अवसरमा ध्यान दिँदा संस्थाभित्रको लोकतन्त्र दैनिक अभ्यासमा विस्तार हुन्छ।

कार्यकर्ताको आर्थिक अवस्थाबारे पनि संवेदनशील बहस आवश्यक छ। राजनीतिमा समय दिने सबैसँग उस्तै स्रोत हुँदैन। निरन्तर खर्च गर्न सक्ने मानिस मात्र दृश्यमा आउने र जीविकाका लागि काम गर्नुपर्ने व्यक्ति पछि पर्ने अवस्था आए प्रतिनिधित्वको आधार साँघुरिन्छ। बैठक र अधिवेशनको खर्च संयमित बनाउनु, वैध खर्चको स्पष्ट व्यवस्था गर्नु र आर्थिक विवरण खुला राख्नुले सहभागितालाई न्यायपूर्ण बनाउन सक्छ।

त्यससँगै कार्यकर्ताको सम्मानलाई राज्यबाट सुविधा दिलाउने सम्बन्धमा सीमित हुनबाट जोगाउनुपर्छ। पार्टीमा योगदान

–बाँकी तीन पेजमा

## कार्यकर्ताको सम्मान...

गरेबापत सार्वजनिक नियुक्ति, ठेक्का वा सरकारी सेवामा अग्राधिकार पाउनुपर्ने अपेक्षाले संगठन र राज्य दुवैलाई कमजोर बनाउँछ। कार्यकर्ताको नागरिक अधिकार अरू नागरिकसरह सुरक्षित हुनुपर्छ। उसको राजनीतिक योगदानको सम्मान पार्टीको निष्पक्ष अवसर, जिम्मेवारी र मानवीय साथमा प्रकट हुनुपर्छ। पार्टीभित्र कार्यकर्तालाई न्याय दिन सक्ने संस्थाले राज्यमा सबै नागरिकका लागि न्याय माग्दा बढी विश्वास आर्जन गर्छ।

निष्ठावान् कार्यकर्ता र निष्पक्ष राज्यबिच विरोध छैन। सार्वजनिक सेवा लिन कुनै नेताको फोन आवश्यक नपर्ने व्यवस्था बने कार्यकर्ताको पनि समय र सम्मान जोगिन्छ। सानो कामका लागि निरन्तर सिफारिस गरिदिनुपर्ने दबाबबाट संगठन मुक्त हुन सक्छ। त्यसपछि कार्यकर्ताको ऊर्जा नागरिकलाई व्यक्तिगत पहुँच दिलाउने कामबाट सार्वजनिक समस्या बुझ्ने र समाधानको नीति खोज्ने काममा लगाउन सकिन्छ।

यस अर्थमा कार्यकर्ताको भूमिकालाई पनि फराकिलो बनाउनुपर्छ। उसले गाउँको विद्यालय किन कमजोर छ भनेर प्रश्न उठाउन सक्छ। स्थानीय बजेटको प्राथमिकता बुझ्न सक्छ। किसानको समस्या अभिलेखित गर्न र सार्वजनिक सेवाको सुधारबारे संवाद चलाउन सक्छ। पार्टीले उसलाई यस्तो कामका लागि ज्ञान, प्रशिक्षण र आवश्यक सामग्री दिनुपर्छ। कार्यकर्ताको राजनीतिक गरिमा उसको विवेक र क्षमतामा लगानी गर्दा बढ्छ।

केन्द्र र स्थानीय संगठनबिचको सम्बन्ध पनि दुईतर्फी हुनुपर्छ। केन्द्रबाट निर्देशन जाने तर स्थानीय अनुभव फर्केर नआउने संरचनामा धेरै ज्ञान हराउँछ। गाउँमा नागरिकसँग प्रत्यक्ष संवाद गर्ने कार्यकर्ताले नीति र व्यवहारबिचको दूरी पहिले देख्न सक्छ। उसको अनुभवलाई अनुसन्धान र निर्णयसँग जोड्न सके संगठनले समाजबाट सिक्ने क्षमता बढाउँछ। सबै अनुभव स्वतः सही निष्कर्ष हुँदैनन्न तिनलाई सुन्ने, जाँच्ने र उपयोग गर्ने प्रक्रिया चाहिन्छ।

१५औँ महाधिवेशनले महामन्त्रीसहितको नेतृत्वको जिम्मेवारीलाई यसै सन्दर्भमा हेर्नुपर्छ। विधानले तोकेको अधिकार र सामूहिक निर्णयको दायराभित्र संगठनको अभिलेख, नियमित संवाद, प्रशिक्षण, गुनासोको सुनुवाइ र निर्णय कार्यान्वयनलाई व्यवस्थित बनाउने कामले कार्यकर्ताको जीवनमा प्रत्यक्ष फरक पार्न सक्छ। अधिकारको सीमा स्पष्ट हुँदा उत्तरदायित्व पनि स्पष्ट हुन्छ। हरेक समस्या एउटा नेताको व्यक्तिगत हस्तक्षेपबाट समाधान हुने अपेक्षाले संस्थालाई सक्षम बनाउँदैन।

प्रविधिले यस काममा सहयोग गर्न सक्छ। सदस्यले आफ्नो विवरण सच्याउन, सूचना पाउन वा सुझाव पठाउन सहज प्रणाली उपयोगी हुन्छ। तर अनलाइन पहुँच नभएका सदस्यका लागि पनि उही अवसर रहनुपर्छ। व्यक्तिगत विवरण सुरक्षित राख्ने र फरक मत राखेका मानिसको निगरानीमा प्रणाली प्रयोग हुन नदिने जिम्मेवारी उत्तिकै महत्वपूर्ण छ। प्रविधिले संस्थाको लोकतान्त्रिक चरित्रलाई सहयोग गर्नुपर्छ।

कांग्रेसको नवीकरणमा नेतृत्वले एउटा कठिन कुरा स्वीकार गर्नुपर्नेछ–कार्यकर्ता जति सक्षम र स्वतन्त्र हुन्छन्, नेतृत्वमाथि उति धेरै प्रश्न आउँछन्। त्यसलाई संगठन कमजोर भएको संकेत मान्न हुँदैन। प्रश्नको उत्तर दिन सक्ने र आवश्यक परे निर्णय सच्याउन सक्ने नेतृत्वले दीर्घकालीन विश्वास कमाउँछ। प्रश्न नआउने बैठक सहज हुन सक्छन्न संस्था कति स्वस्थ छ भन्ने निष्कर्ष त्यसबाट निकाल्न मिल्दैन।

त्यसैगरी कार्यकर्ताले पनि पार्टीलाई आफ्नो निजी अपेक्षाभन्दा व्यापक संस्थाका रूपमा हेर्नुपर्छ। पद नपाउँदा सम्पूर्ण प्रक्रियालाई अस्वीकार गर्ने, आफूअनुकूल हुँदा मौन रहने र प्रतिकूल हुँदा मात्र नियम सम्झने प्रवृत्तिले लोकतन्त्रको अभ्यास कमजोर पार्छ। न्यायपूर्ण प्रक्रिया माग्ने सदस्यले निष्पक्ष परिणाम स्वीकार गर्ने संस्कार पनि राख्नुपर्छ। अधिकार र जिम्मेवारीको यो पारस्परिक सम्बन्धबाट संस्थागत परिपक्वता निर्माण हुन्छ।

१५औँ महाधिवेशनमा कांग्रेसले कार्यकर्तालाई सम्बोधन गर्दा त्यागको प्रशंसा पर्याप्त हुनेछैन। त्यो त्यागको संस्थागत प्रत्युत्तर के हो भन्ने देखाउनुपर्छ। योगदान चिनिने, अवसरको कारण खुल्ने, असहमति सुरक्षित रहने र नेतृत्वले आफ्नो कामको हिसाब दिने अभ्यासबाट सम्मान विश्वसनीय हुन्छ। यसका लागि ठुलो घोषणा जति आवश्यक छ, साना व्यवहारको निरन्तर सुधार पनि त्यत्तिकै आवश्यक छ।

अन्ततः कार्यकर्ताको मनमा रहने प्रश्न सरल छ। यो पार्टीमा मेरो श्रमको अर्थ छ? मेरो विचारको स्थान छ? मेरो अनुपस्थितिमा पनि मेरो योगदानको न्याय हुन्छ? लोकतान्त्रिक संस्थाले यी प्रश्नको उत्तर कुनै व्यक्तिको आश्वासनमा निर्भर नरहने गरी दिन सक्नुपर्छ। महाधिवेशन सकिएपछि प्रतिनिधिहरू आ–आफ्नो ठाउँ फर्कनेछन्। कसैको पक्ष विजयी हुनेछ, कसैको अपेक्षा पूरा हुनेछैन। उनीहरू फर्कँदा आफ्नो आवाज सुनिएको, प्रतिस्पर्धा न्यायपूर्ण भएको र भोलि पनि यही संस्थाभित्र सम्मानपूर्वक काम गर्न सकिने विश्वास लिएर फर्किए भने कांग्रेसले महत्वपूर्ण उपलब्धि हासिल गरेको हुनेछ।

कांग्रेसको लोकतान्त्रिक शक्ति त्यस दिन गहिरिन्छ, जुन दिन सामान्य कार्यकर्ताले निर्धक्क भन्न सक्छ, यहाँ मेरो मत फरक हुन सक्छ, मेरो मर्यादा घट्दैन। महर नेपाली कांग्रेस १५ औँ महाधिवेशनमा महामन्त्री पदका उम्मेदवार हुन्। *रातोपाटीबाट*

## सिरहा क्षेत्र–४ मा ...

सम्पन्न भएको दाबी गर्दै पार्टीका लागि लामो समयदेखि सक्रिय रूपमा काम गर्दै आएका नेता–कार्यकर्ता तथा युवालाई प्राथमिकता दिइएको बताए।

यादवका अनुसार २२ देखि ३५ वर्ष उमेर समूहका युवालाई समेत महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यका रूपमा समेटिएको छ। पार्टी संगठनमा सक्रिय व्यक्तिलाई अवसर दिँदै नेतृत्वमा युवा सहभागिता बढाउने उद्देश्यले चयन प्रक्रिया अघि बढाइएको उनले बताए।

## ठक्करबाट ...

सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए।

घाइतेमध्ये गम्भिर अवस्थाका बिरेन्द्र यादवकी २२ वर्षीया छोरी प्रियंका यादवलाई थप उपचारको लागि ९एन हेलिकोप्टरमार्फत मेडिसिटी अस्पताल काठमाडौं लगिएको छ। अर्का घाइते गोलबजार ६ का सत्य नारायण महतोको श्रीमती ४५ वर्षीय ललिता महतोलाई थप उपचारको बिराटनगर लगिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा इभी चालक धनगढिमाई २ का ३५ वर्षिय मन्जुर खान, गोलबजार ४ का रामबहादुर मण्डलकी श्रीमती ३५ वर्षिय संगिता मण्डल, बिरेन्द्र यादवकी ५० वर्षीय फुलकुमारी यादवको अवस्था मध्यम खालका रहेकाले उनीहरुको फूलकुमारी मै उपचार भईरहेको प्रहरीले जनाएको छ। उनीहरु सवैजना जितिया पर्वका बर्तालुहरु थिए। शुक्रबार नुहाएर खानेदिन भएकाले कमला नदीमा नुहाउन गएको पारिरीक स्रोतले जनाएको छ। घटनाले गोलबजारबासी स्तब्ध भएका छन्।

ठक्कर दिने टिफरका चालक र टिफर प्रहरी नियन्त्रणमा रहेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## सिरहाको औरहीबाट...

नगरपालिका ५ का श्यामसुन्दर यादव छन्। गाजासहित पक्राउ गरिएकाहरुलाई सम्बन्धित निकायमा बुझाइएको उनले बताए। त्यसअघि सशस्त्र प्रहरीले बिहिबार सुखीपुर नगरपालिका १० गागन खोला नजिक विश्वकर्मा चोकबाट ११ क्वीन्टल २.६५५ किलो गाजा बरामद गरेको थियो।

# पटक पटक फेरिन्छन् पूर्वाधार विकास कार्यालयका प्रमुख

बारा, १७ असोज। मधेश प्रदेश सरकार अन्तर्गतका पूर्वाधार विकास कार्यालय बारामा कार्यालय स्थापना भएको तीन वर्ष नपुग्दै १० पटक कार्यालय प्रमुख परिवर्तन भएका छन्। छोटो अवधिमै पटक पटक नेतृत्व फेरिँदा जिल्लामा सञ्चालित सडक, पुल तथा भवनलगायतका पूर्वाधार योजनाको कार्यान्वयन र कार्यालयको प्रशासनिक निरन्तरताको कार्य प्रभावित हुँदै आएको छ।


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कलैया, बारा
कार्यालय प्रमुखहरुको नामावली

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १. | श्रीराजेन्द्र साह | नि. कार्यालय प्रमुख | २०८०/०७/२० | २०८१/११/०३ |
| २. | श्री ओम कुमार साह | कार्यालय प्रमुख | २०८१/११/०४ | २०८१/११/२१ |
| ३. | श्री राजेन्द्र साह | नि.कार्यालय प्रमुख | २०८१/११/२२ | २०८२/०१/२१ |
| ४. | श्री रिम्पु कुमारी यादव | ,, | २०८२/०२/०४ | २०८२/०६/०९ |
| ५. | श्री संजय कुमार यादव | ,, | २०८२/०६/०९ | २०८२/०७/०१ |
| ६. | श्री ओम कुमार साह | कार्यालय प्रमुख | २०८२/०७/०२ | २०८२/१२/१० |
| ७. | श्री राजेन्द्र साह | नि.कार्यालय प्रमुख | २०८२/१२/३० | २०८३/०१/२१ |
| ८. | श्री हेमन्त गौंई | कार्यालय प्रमुख | २०८३/०१/२२ | २०८३/०२/२४ |
| ९. | श्री ओम कुमार साह | ,, | २०८३/०२/२५ | |

मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री महम्मद समीरका अनुसार पूर्वाधार विकास कार्यालय बारामा एक महिना नपुग्दै कार्यालय प्रमुख सरुवा हुने गरेकोबारे आफूलाई केही जानकारी नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "मलाई केही दिनदेखि सन्चो छैन। आज यसै विषयमा बैठक रहेकाले यसबारे जानकारी लिन्छु अनि थप जानकारी गराउँछु।" संयोग पूर्वाधार विकास मन्त्रालयको नेतृत्व बाराको निर्वाचन क्षेत्र नं. ३ (ख) बाट निर्वाचित समीरले नै गरिराख्नुभएको छ।

मन्त्रीकै जिल्लामा रहेको विकासनिर्माणसँग प्रत्यक्ष जोडिएको कार्यालयमा नेतृत्व स्थिर हुन नसक्नुले पनि मन्त्रालयको सरुवा व्यवस्थापनबारे बारा जिल्लामा थप चासोको विषय बनाएको छ। यसै गरी भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशका प्रवक्ता प्रवीणप्रताप अधिकारीले गोरखापत्रकर्मीसँग कुरा गर्दै ९ र १० तहको नियमित सरुवा मुख्यमन्त्री कार्यालयबाट हुने गरेको छ तर यसरी बारामा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सरुवा भएको बताउनुभयो।

यसरी कार्यालय प्रमुख फेरिँदा सञ्चालित विकासनिर्माण कार्य सडक, पुल तथा भवनलगायत प्रभावित हुने गरेको पूर्वाधार विकास कार्यालय बाराका प्रमुख ओमकुमार साहले बताउनुभयो। उहाँका अनुसार कर्मचारी मन्त्रालयको आदेश बमोजिम खटिने हो, जहाँ पठाए पनि कामै गर्ने हो।

**स्थापना भएदेखि नै सरुवा**

कलैयामा २०८० कात्तिक २० गते कार्यालय स्थापना हुँदा राजेन्द्र साहलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइएको थियो। करिब एक वर्ष चार महिना तीन दिनपछि उहाँको सरुवा भयो। त्यसपछि २०८१ फागुन ४ गते ओमकुमार साह कार्यालय प्रमुखका रूपमा हाजिर भए पनि १७ दिनमै उहाँको सरुवा भयो र त्यो ठाउँमा राजेन्द्र साहलाई निमित्त प्रमुखको जिम्मेवारी दिएर पठायो।

जिम्मेवारी समालेको करिब दुई महिनामै साह नारायणी अस्पतालको आकस्मिक कक्ष भवन निर्माणको ठेक्का प्रक्रियामा एक करोड ८४ लाख ३८ हजार ४५८ रुपियाँ अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साहसहित नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेपछि साह निलम्बनमा पर्नुभएको थियो। त्यसपछि २०८२ जेठ ४ गते रिम्पुकुमारी यादवलाई निमित्त प्रमुखको जिम्मेवारी दिएको थियो। उहाँले करिब चार महिना मात्रै कार्यालयमा काम गर्नुभयो। त्यसपछि २०८२ असोज ९ गते सञ्जयकुमार यादवलाई जिम्मेवारी दिइए पनि २१ दिनमै सरुवा भयो र सो ठाउँमा पुनः ओमकुमार साहलाई प्रमुख बनाएर पठाइयो।

साहले करिब पाँच महिना आठ दिन जिम्मेवारी समालेपछि २०८२ चैत ३० गते विशेष अदालतबाट सफाइ पाएका राजेन्द्र साहलाई पुनः निमित्त प्रमुखको जिम्मेवारी दिएर पठाइयो तर २१ दिनमा सरुवा भयो र सो ठाउँमा गत वैशाख २२ गते हेमन्त गाईलाई कार्यालयको जिम्मेवारी दिएको थियो। गाईले जिम्मेवारी समाल्न नसक्ने भन्दै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई लिखित जानकारी गराएपछि मन्त्रालयले २०८३ जेठ २५ गते पुनः ओमकुमार साहलाई कार्यालय प्रमुखको जिम्मेवारी दिएको थियो।

आर्थिक वर्षको अन्तिम समयमा जिम्मेवारी समालेका साहले विकासनिर्माणका काम अघि बढाइरहेकै अवस्थामा मन्त्रालयले पुनः उहाँलाई हटाउने निर्णय गरेको हो। मन्त्रालयको भदौ २५ गतेको निर्णय अनुसार हाल मन्त्रालयमै निमित्त प्रदेश सचिवका रूपमा कार्यरत सञ्जयप्रसाद साहलाई पूर्वाधार विकास कार्यालय, बाराको जिम्मेवारीमा खटाइएको छ।

**योजना प्रभावित हुने चिन्ता**

पूर्वाधार विकास कार्यालयको प्रमुख जिम्मेवारी प्रदेश सरकारका सडक, पुल, भवनलगायतका विकास आयोजना कार्यान्वयन गर्नु हो। एउटा प्रमुखले कार्यालयका योजना, ठेक्का प्रक्रिया, निर्माण व्यवसायी, प्राविधिक अवस्था तथा जिल्लाका विकास प्राथमिकता बुझेर काम अघि बढाउन नपाउँदै सरुवा हुने क्रमले कार्यालयको संस्थागत निरन्तरता कमजोर हुन सक्ने सरोकारवालाको भनाइ छ।

विशेष गरी आर्थिक वर्षको अन्त्यतिर कार्यालय प्रमुख परिवर्तन हुँदा निर्माणाधीन योजनाको अनुगमन, कामको मूल्याङ्कन, भुक्तानी प्रक्रिया र नयाँ आवका योजनाको तयारी प्रभावित हुन सक्ने देखिन्छ। कार्यालय प्रमुख परिवर्तन गर्नु प्रशासनिक अधिकार भए पनि त्यसका लागि स्पष्ट मापदण्ड र न्यूनतम कार्य अवधि आवश्यक देखिन्छ।

# गगन थापाको निर्वाचन क्षेत्रमा एकै परिवारका चार जना कांग्रेसको महाधिवेशन प्रतिनिधि

काठमाडौं, १७ असोज। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको निर्वाचन क्षेत्र सर्लाही–४ बाट एकै परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएका छन्। प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट सर्लाहीका पूर्वसभापति सुरेन्द्रप्रसाद सिंहको परिवारका चार जना महाधिवेशन प्रतिनिधि चयन भएका हुन्। सर्लाही–४ को क्षेत्रीय अधिवेशनबाट उनीहरू सबै



सर्वसम्मत चुनिएको घोषणा गरिएको हो।

धनकौल–२ का सिंहसँगै वीरेन्द्रप्रसाद सिंह, बेबी सिंह र सुधीरकुमार सिंहको नाम सर्लाही–४ बाट चयन भएका महाधिवेशन प्रतिनिधिहरूको सूचीमा उल्लेख छ। वीरेन्द्र पूर्वसभापति सुरेन्द्रका सहोदर भाइ हुनुहुन्छ। उहाँ मधेश प्रदेश कार्यसमितिका उपसभापति हुनुहुन्छ। यस्तै बेबी पूर्वसभापति सुरेन्द्रकी श्रीमती र सुधीर छोरा हुनुहुन्छ। सर्लाही कांग्रेस स्रोतका अनुसार पूर्वसभापति सुरेन्द्रका दुई जना भिनाजु पनि महाधिवेशन

–बाँकी अन्तिम पेजमा

# महिलाले सञ्चालन गरेको अब्बल सहकारी

**मणिलाल विश्वकर्मा**



सिरहा, १७ असोज। पूर्वपश्चिम लोकमार्गअन्तर्गत सिराहाको गोलबजार नगरपालिका-३, जमदह गाउँ। उदयपुर जिल्लाको कटारीसँग जोडिएको चुरे जंगल काखको गाउँका निम्न र निम्नमध्यम आर्थिक अवस्थाका सीमान्तकृत समुदायका महिलाको करिब तीन दशकअघिसम्म आफ्नै सीमितता र बाध्यता थिए। आफ्नो हातमा सिप र जाँगर भए पनि आर्थिक स्रोतको अभाव झेल्दै आएका थिए। त्यही अप्ठ्यारो छिचोल्दै २०५५ साल असारमा जमदह र तेतरिया गाउँका ३८ जना महिलाले २३ हजार रुपैयाँ जम्मा गरेर 'कोपिला महिला बचत तथा ऋण सहकारी संस्था' खोले। अहिले २८ वर्षको अवधिमा कोषको आकार वृद्धि मात्र गरेको छैन, एक हजार पाँच सयभन्दा बढी महिलालाई सहकारीको सञ्जालमा आबद्ध गरेर आर्थिक उपार्जनको काममा समेत जोडेको छ।

सशस्त्र द्वन्द्वका वेला गाउँघरमा सानातिना भेला, छलफल गर्न पनि त्यति सहज थिएन। सहकारीको जन्मदेखि अहिलेसम्म नेतृत्व गर्दै आएकी अध्यक्ष ७७ वर्षीया भगवती पाखिन भन्छिन्, 'शिक्षा, रोजगारी र अवसरमा पछाडि पारिएका ग्रामीण महिलालाई संगठित गर्दै सहकारीमार्फत आर्थिक सशक्तीकरणको अभियानमा जोड्नु पक्कै सजिलो थिएन।' त्यतिवेला गाउँका केही अगुवा महिलाले जनही पाँच सय रुपैयाँ सेयर पुँजी संकलन गरी संस्था खडा गरेका थिए।

'सहकारीले २८ वर्षको अवधिमा स्थानीय उत्पादन, कृषि, पशुपालन, खुद्रा तथा साना व्यापारमा सदस्य महिलालाई जोडेर नियमित बचत, ऋण, आयआर्जनसँगै स्थानीय आर्थिक समृद्धिको अभियान नगरपालिकाको चार वडासम्म विस्तार गरेको छ,' अध्यक्ष पाखिनले भनिन्। 'लैंगिक विभेद, आर्थिक परनिर्भरतामा बाँचिरहेका महिलाको आर्थिक सशक्तीकरण र निर्णयमा सहभागिता बढाउनु पक्कै सजिलो थिएन,' उनले भनिन्।

**नियमित बचत, आर्थिक समृद्धिको यात्रा**

सानातिना आर्थिक उपार्जनमा महिलाको सहभागिता भए पनि खर्च गर्न भने प्रायः पुरुषको नियन्त्रण रहेको समाजमा महिलाले नियमित बचत गर्नु त्यति सजिलो नभएको सहकारीकी कोषाध्यक्ष प्रमिला थापा मगरले सुनाइन्। वैदेशिक रोजगारीका लागि एकाध लाख रुपैयाँ जरुरी हुँदा स्थानीय साहु-महाजनबाट चर्को ब्याजमा ऋण लिन बाध्य महिला पछिल्लो समय आफ्नै सहकारीबाट दुई लाख रुपैयाँसम्म चलाउन सक्ने भएको सहकारीकी व्यवस्थापक प्रज्ञा पुलामी मगरले बताइन्। उनका अनुसार ७ असोजसम्मको अद्यावधिक तथ्यांकअनुसार सहकारीको सेयर पुँजी एक करोड २१ लाख १४ हजार २७६ रुपैयाँ पुगेको छ।

**बढ्दो महिला सहभागिता**

सहकारीको कारण ग्रामीण क्षेत्रका महिलाको सामाजिक सहभागिता पनि क्रमशः बढ्दै गएको गोलबजार-३ का वडाध्यक्ष धनप्रसाद लामाले सुनाए। 'पुरुषहरूको नेतृत्वमा रहेको सहकारी जोखिममा परेको घटना सार्वजनिक भइरहेका वेला ग्रामीण क्षेत्रका महिलाको नेतृत्वमा सञ्चालित सहकारीले करिब तीन दशकको यात्रा पार गर्नु महिलाले पनि गर्न सक्छन् भन्ने उदाहरण हो,' उनले भने, 'थोरै पुँजीबाट महिलाको नेतृत्वमा खोलिएको सहकारी करिब तीन दशकसम्म निरन्तर नाफामा रहनु चानचुने कुरा होइन।'

अध्यक्ष लामाका अनुसार आर्थिक रूपले प्रायः पुरुषमा निर्भर रहने ग्रामीण क्षेत्रका महिलामा थोरै भए पनि जोगाएर नियमित बचत गर्ने बानीको विकास, थोरै पुँजीमा सञ्चालन गर्न सकिने साना व्यवसायमार्फत आयआर्जन गरी आर्थिक रूपले आत्मनिर्भर बन्न सहकारीले सघाएको मात्र छैन, घरपरिवारको आर्थिक निर्णयमा महिलाको सहभागितासमेत बढाएको छ।

**महिलाको नेतृत्वमा अब्बल सहकारी**

गोलबजार नगरपालिकाको नगर प्रोफाइलअनुसार नगर क्षेत्रमा क्रियाशील ३१ सहकारीमध्ये महिलाले चलाएका दुई बचत तथा ऋण सहकारी संस्था मात्र छन्। विभिन्न जिल्लामा सहकारी सञ्चालकबाट ठगिएको, सञ्चालकहरू फरार भएका घटना सार्वजनिक भइरहँदा ग्रामीण भेगका महिलाले चलाएको सहकारी निरन्तर चल्नुमा महिलाको अनुशासन, लगनशीलता र मिहिनेत मुख्य कारण रहेको जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. सिरहाले जनाएको छ। संघका जिल्ला कार्यालय व्यवस्थापक शिवदयाल महतोका अनुसार महिलाको नेतृत्वमा सहकारी नियमित रूपले चलिरहेका छन्। उनले भने, 'त्यसो हुनुमा महिलाको इमान्दारिता र लगनशीलता मुख्य कारण हो।' प्रारम्भिक चरणमा बालबालिकाको क्षेत्रमा काम गरिरहेको सेभ द चिल्ड्रेनको सहयोगमा जिल्लास्थित इन्द्रेणी सेवा समाज, भवानी एकीकृत विकास केन्द्र, सिर्जना सामुदायिक विकास केन्द्र, जनज्योति युवा क्लबजस्ता सामाजिक संस्थाको सहजीकरणमा ग्रामीण महिलाका लागि चलाइएको प्रौढ साक्षरता कक्षा र मासिक रूपमा एक रुपैयाँ बचत गर्ने बानीको विकास नै महिला सहकारी जन्मको पहिलो आधार रहेको उनले सुनाए।

'मासिक रूपमा पाँच रुपैयाँ भए पनि बचत गरी संस्थाले नै बिउपुँजीका लागि पाँच हजार रुपैयाँ आर्थिक सहयोग गरेको थियो,' उनले भने, 'त्यही रकम परिचालन गरी सानातिना आयआर्जनसम्बन्धी काम गरिरहेका ग्रामीण महिला समूह मर्ज गरेर तत्कालीन गाविस तहको सहकारीमा रूपान्तरण गरिएको हो।' उनका अनुसार त्यसरी जन्मिएका महिला सहकारीमध्ये जिल्लामा पछिल्लो समय कोपिला, बुद्ध, देवीजस्ता महिला बचत तथा ऋण सहकारी संस्था अब्बल मानिन्छन्, जसले वार्षिक करोडौँको आर्थिक कारोबार मात्र गरेका छैनन्, महिलालाई आर्थिक रूपमा सशक्त पनि बनाइरहेका छन्।

सहकारीकी सेयर सदस्यसमेत रहेकी गोलबजार-३ जमदहकी संगीता लामाको अनुभवमा आफूहरूले सहकारी सञ्चालन थालेदेखि दैनिक घर व्यवहारको काममा चाहिने थोरैतिनो रकम खोज्न भौतारिनुपर्ने बाध्यता अन्त्य भएको छ। 'विगतमा दुई-चार हजार रुपैयाँका लागि पनि गाउँघरमा ऋण सापटी खोज्न दौडिनुपर्थ्यो,' उनले भनिन्, 'अहिले दुई लाख रुपैयाँसम्म सहकारीले नै उपलब्ध गराउँछ।' सहकारीबाट लिएको ऋणले बाख्रापालन गरेको सुनाउँदै उनले त्यही बाख्राले ब्याएको पाठापाठी बेचेर घरखर्च, छोराछोरीको पढाइ खर्चसँगै नियमित रूपमा बचत र ऋणको सावाँ-ब्याज पनि तिरिरहेको बताइन्।

# चोहर्वामा असोज २४ बाट नगरस्तरीय क्रिकेट प्रतियोगिता हुँदै

**ज्ञानकुमार राय**

गोलबजार, १६ असोज। हिन्दू धर्मावलम्बीको महान् चाड विजयादशमी तथा दीपावलीको अवसर पारेर चोहर्वा क्रिकेट टिमले नगरस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतियोगिता यहि असोज २४ गते देखि जनता नमुना उच्च माध्यमिक विद्यालय, चोहर्वाको खेल मैदानमा हुन लागेको हो। प्रतियोगितामा भिविन्न जिल्लाका १६ वटा टिम सहभागी हुने चोहर्वा क्रिकेट टिमका अध्यक्ष सरोज रायले जानकारी दिए। उनका अनुसार सिरहा, सप्तरी, धनुषा र सर्लाहीसहितका जिल्लाका टिम सहभागी हुने छन्।

प्रतियोगितामा जुन पालिकाको तर्फबाट खेल खेल्ने हो, अनिवार्य रुपमा त्यहि पालिकाकोमात्र खेलाडी हुनुपर्ने नियम रहेको अध्यक्ष रायले जानकारी दिए। स्थानीय स्तरमा क्रिकेट खेलको विकास, खेलाडीको प्रतिभा प्रस्फुटन तथा युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष रायको भनाई छ।

प्रतियोगितामा प्रथम हुने टिमलाई नगद एक लाख ११ हजार, द्वितीय हुने टिमलाई ६१ हजारसहित ट्रफी र मेडल प्रदान गरिनेछ। म्यान अफ द सिरिज नगद पाँच हजार एक सय, बेस्ट ब्याट्सम्यान र बलरलाई नगद दुई हजार एक सय रुपैयाँबाट पुरस्कृत गरिने आयोजकले जनाएको छ। प्रतियोगिताले स्थानीय क्रिकेट प्रतिभाको पहिचान गर्न, खेलाडीहरूबीच आपसी भाइचारा अभिवृद्धि गर्न तथा क्रिकेट खेलको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिईएको छ।

टिमका अध्यक्ष रायले प्रतियोगितालाई सफल बनाउन सम्पूर्ण खेलप्रेमी, खेलाडी, स्थानीयवासी तथा सरोकारवालालाई उपस्थित भई प्रतियोगिताको शोभा बढाइदिन अनुरोध गरेका छन्।

# ब्राउनसुगर जस्तो देखिने पदार्थसहित एक पक्राउ



लहान, १७ असोज। सिरहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका २ बन्दीपुरबाट प्रहरीले कडा खालको मानिने प्रतिबन्धित ब्राउनसुगर जस्तो देखिने पदार्थसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पूर्व-पश्चिम लोकमार्ग क्षेत्रमा लागूऔषध ब्राउनसुगरको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा मिर्चैयास्थित इलाका प्रहरी कार्यालय र गोलबजारस्थित लागूऔषध नियन्त्रण ब्यूरोको शाखा कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले यात्रुवाहक बसबाट प्लास्टिकबाहेक ५ ग्राम ब्राउनसुगर जस्तो पदार्थसहित सिरहाको धनगढीमाई नगरपालिका ७ बस्ने करिब २० वर्षका अजय कुमार यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेश बहादुर पालका अनुसार पूर्वबाट पश्चिम पोखरातर्फ जादै गरेको गण्डकी प्रदेश ०१९००१ ख ०२२१ नम्बरको यात्रुवाहक बसमा यात्रा गरिरहेका यादवलाई शुक्रवार राती पक्राउ गरिएको हो। जिन्स पाइन्टको बायाँ खल्तीमा कालो प्लास्टिकमा प्याक गरी लुकाएको लागूऔषध ब्राउनसुगर जस्तो पदार्थ बरामद भएपछि उनलाई नियन्त्रणमा लिई मिर्चैयामा सिरहामा ल्याई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ।

## *गगन थापाको ...*

प्रतिनिधि चयन भएका छन्। महाधिवेशन प्रतिनिधमा चयन भएका केदारनन्दन चौधरी र रविनन्दन चौधरी सुरेन्द्रका भिनाजु हुनुहुन्छ।

भ्रष्टाचार मुद्दामा अदालतले दोषी ठहर गरेपछि सुरेन्द्रले २०८२ भदौ पहिलो साता जिल्ला सभापतिबाट राजीनामा दिनुभएको थियो। उहाँविरुद्ध विशेष अदालतबाट २०७१ पुस २५ मा मनुसमरा सिँचाइ आयोजना क्षेत्रका रुख कटान गर्दा भ्रष्टाचार गरेको ठहर भएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# शिक्षाले समाज, संस्कृति र राष्ट्रप्रति उत्तरदायी नागरिक बनाउनुपर्छ : राष्ट्रपति पौडेल

काठमाडौं, १७ असोज। राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षा व्यक्तिलाई आफ्नो समाज, संस्कृति, इतिहास र राष्ट्रप्रति सचेत तथा उत्तरदायी नागरिक बन्न सघाउने खालको हुनुपर्ने बताएका छन्। उनले सेन्ट जेभियर्स स्कुल गोदावरी र जावलाखेलको ७५औँ वार्षिकोत्सव समारोहलाई शनिबार ललितपुरमा सम्बोधन गर्दै सो धारणा व्यक्त गरेका हुन्।

'शिक्षाको वास्तविक उद्देश्य केवल परीक्षामा राम्रो परिणाम प्राप्त गर्नु वा प्रमाणपत्र हासिल गर्नुमा सीमित हुँदैन। शिक्षा व्यक्तिको ज्ञान, विवेक, चरित्र र जिम्मेवारीबोधको विकास गर्ने



सशक्त माध्यम हो। त्यही भएर शिक्षा व्यक्तिलाई आफ्नो समाज, संस्कृति, इतिहास र राष्ट्रप्रति सचेत तथा उत्तरदायी नागरिक बन्न सघाउने हुनुपर्दछ,' राष्ट्रपति पौडेलले भने।

उनले नेपाल विविध भाषा, संस्कृति, परम्परा र जीवनपद्धतिले समृद्ध देश भएकाले हामीले दिने शिक्षाले देशको विविधतालाई सम्मान गर्दै विद्यार्थीमा राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वको भावना विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुपर्ने बताए। समय परिवर्तनशील भएको तर परिवर्तनसँगै हाम्रा आधारभूत मानवीय मूल्यहरू अझ सुदृढ हुन चाहिँ आवश्यक रहेको उनको भनाइ थियो।

सूचना प्रविधिको द्रुत विकास भएको आधुनिक युगमा हामी कस्तो राष्ट्र निर्माण गर्न चाहन्छौँ र भोलिका लागि कस्तो जनशक्ति आवश्यक पर्छ भन्ने प्रश्नको उत्तर पनि हाम्रो शैक्षिक प्रणालीमै खोजिनुपर्छ। त्यसका लागि प्रविधिको उच्चतम प्रयोगसँगै समयको मागअनुरूपको पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्दछ,' राष्ट्रपति पौडेलले भने।

उहाँले ज्ञान र सीपसँगै नैतिकता, अनुशासन, सिर्जनशीलता, सहकार्य, करुणा र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्नु आजको शिक्षाको प्रमुख दायित्व भएको बताए। 'साथसाथै, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने गरी स्वदेशमै उत्पादन र रोजगारीको अवस्था सिर्जना गरी हरेक नागरिकमा देशभक्तिको भावना अभिवृद्धि गर्ने शिक्षा प्रदानमा विशेष ध्यान दिनुपर्छ भन्ने म ठान्दछु,' राष्ट्रपति पौडेलले भने।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)